भेरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खलंगा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

प.सं.२०७७।०७८
च.नं. १३६२

मिति : २०७८।३।२८

**विषय: सूचना । सूचना ॥ सूचना ।**

श्री भेरी नगरवासीहरु सवै ।

वर्षायामको शुरुवातसंगै देशका विभिन्न स्थानहरुमा बाढी पहिरोको प्रकोपबाट धनजनको क्षति हुने क्रम बढेको छ । बर्षाको कारण आईपर्ने विपद्बाट हाम्रो नगरपालिका पनि अलग रहन सक्ने अवस्था छैन । केही दिन अघि देखि शुरु भएको मौसमी वर्षाले यस नगपालिकाका विभिन्न क्षेत्रमा पहिरो गई क्षतिको जोखिम बढिरहेकोले संवेदनशील अवस्था छ । प्राकृतिक रुपमा आईपर्ने जोखिमलाई रोक्न नसकिने भएता पनि न्यूनिकरण गर्दै समयमै सजगता अपनाउन सकिएको खण्डमा आकस्मिक रुपमा आईपर्ने विपद्को प्रभाव तथा क्षति न्यूनिकरण गर्न सकिने भएकोले बाढी पहिरोको उच्च जोखिम रहेका स्थानमा बसोवास गर्ने सम्पूर्ण नगरवासीहरुमा पूर्व सजगता एवं सावधानी अपनाई सुरक्षित रहन र संभाव्य जोखिम क्षेत्रमा आकास्मिक आईपर्ने विपद्बाट बच्न बचाउन समुदायिक सहकार्यमा अगाडी वढन अनुरोध गर्दछौं । साथै जोखिम संकटग्रष्त अवस्था सिर्जना भएमा तत्काल उद्धारका लागि सम्पर्क तथा समन्वय गर्न यस नगरपालिकाको वातावरण तथा विपद् व्यस्थापन शाखा प्रमुख अधिकृत श्री सुधा हमालको नेतृत्वमा निम्नानुसार सदस्य रहेको आपतकालीन उद्धार दल (Quick Response Team) तयार गरिएको छ । तसर्थ वर्षातको कारण बाढी पहिरोबाट क्षति भएमा, वा क्षति हुन सक्ने अवस्था उत्पन्न भएमा तपसिलमा उल्लेखित यस कार्यालयको आपतकालीन उद्धार दलका सदस्यहरुको उल्लेखित सम्पर्क नम्बरमा जानकारी गर्न गराउन सम्बन्धित सवैमा अनुरोध छ ।

तपसिल:

| | |
|---|---|
| १. अधिकृत श्री सुधा हमाल | मो. ९८४८०६४७४४ |
| २. अ.स.ई. श्री मेघराज खत्री | मो. ९८४३४२४०६० |
| ३. अ.स.ई. श्री प्रेम के.सी. | मो. ९८६८१६६६९३ |
| ४. सा.प. श्री रमेश जंग शाह | मो. ९८६६१७९५८७ |
| ५. का.स. श्री ध्रुब चन्द | |

(दल बहादुर घर्ती)
निमित्त प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**

१. श्री जिल्ला प्रशासन कार्यालय, जाजरकोट : जानकारीको लागि अनुरोध छ ।
२. श्री जिल्ला प्रहरी कार्यालय, जाजरकोट : जानकारीको लागि अनुरोध छ ।

Scanned with CamScanner